# अन्तरक्रियात्मक सिकाइः सामुदायिक वनको सफलताको एउटा कडी

**हरिराज न्यौपाने**

बैशाखे गरिब थियो । उसको गाउँ यार्शा विकट पहाडी क्षेत्रमा पर्दथ्यो । ऊ धनको मात्र गरिब नभई ज्ञानको पनि गरिब थियो किनकी उसका आमा बुबा पनि गरिब थिए । त्यसैले होला बैशाखेको उमेर बढ्दै गए पनि ऊ स्कूल जान सकेको थिएन । उसले लगाएका लुगाहरू फाटेका र मैला भए पनि ऊ हृष्टपुष्ट थियो । आफूसँगैका सबै साथीहरू स्कूल जाँदा उसलाई पनि पढ्ने इच्छा त थियो होला तर वस्तुभाउ चराउनु पर्ने उसको वाध्यता थियो ।

एकदिन बैशाखे साथी संगीहरूसँग दाउरा-घाँस खोज्न गाउँ माथिको वनमा गएको थियो । उनीहरू सधैँ झै बिसौनामा भारी बिसाएर दिन भरी वन डुल्दा पनि एक भारी घाँस पुऱ्याउन दिनानु दिन गाह्रो हुँदै आएको कुरा गरेर बसिरहेका थिए । त्यति नै बेला एकजना परदेशी पनि टुप्लुक्क आईपुग्यो । परदेशी पनि एकछिन थकाई मेटौ भन्ने ठानेर त्यै बिसौनाको एकछेउमा बस्यो । आफ्नो गाउँ ठाउँ राजधानीबाट धेरै टाढा भएको र स्रोत हुँदा हुँदै पनि कही कतैबाट आफूहरूले सहयोग नपाएकोले अगाडि बढ्न नसकेको र सधैं पछौटे भएर बस्नु परेको उनीहरूको कुरा अर्को छेउमा बसेको परदेशीले सुनिरहेको थियो । अब यही मौकामा मैले पनि कुरा राख्नु पर्छ भन्ठानेर परदेशीले भन्यो “तपाईँहरूको कुरा मैले पनि सुन्न पाएँ । तपाईंहरू भित्र मैले सबैथोक देखेँ यदि तपाईंहरू गाउँ तथा वनमा परिवर्तन गर्ने आँट गर्नुहुन्छ भने म मेरो संस्था मार्फत सहयोग गर्न तयार छु ।” परदेशीको यस्तो कुरा सुनेपछि वैशाखे र उसका संगीहरूले “लौ हामी काम गर्छौ के गर्न पर्छ भन्नोस्” भने । यसो हो भने केही दिन पर्खनोस् भन्दै गाँउमा आएर काम सुरु गर्ने भाका राख्यो परदेशिले । यस्ता कुरा भएपछि वैशाखेले घाँसको भारी लिएर झर्दा मनमनै गम्यो ‘म स्कूल जान पनि सकिन । यी बाहिरका पढेलेखेकाहरूसँग लागेर काम गरें भने मैले पनि दुईचार कुरा बुझ्न सिक्न पाउँछु होला की त”?

महिना दिन पछि परदेशीहरू तोकेको समय अनुसार गाउँमा पुगे । डुक्पा र सुनमायाले वनको बाटो हुँदै दुईजना सुकिला मान्छे यार्सा तिर झरेको टाढाबाटै देखेछन् । गाउँमा पहिले नै हल्लीखल्ली भएछ, गाँउलेहरू ‘को मान्छे होलान् र किन आएका होलान्’ आदि आदि एकआपसमा प्रश्न गर्दा रहेछन् । परदेशीहरूको आगमन पश्चात् गाँउका जान्ने बुझ्नेहरू पनि हौसिएर अब हाम्रो गाँउमा हामीले पनि मिलेर केही गर्न पऱ्यो भन्दै छलफल चलाउने निर्णय गरेछन् । त्यसको भोलिपल्ट सबै जना समूह भवनको चौरमा जम्मा भएपछि छलफल सुरु भयो । सोही मुताविक गाउँलेको वनसँगको सम्बन्धका बारेमा छलफल गर्दै जाँदा गाउँमा विविध समस्याहरू भएको औला भाच्दै गिन्ति गरियो तर यस बाहेक अरु पनि थुप्रै समस्याहरू हुन सक्छन् जो यहाँ आएका छैनन् त्यो कसरी थाहा पाउने भन्दा टोल-टोलमा जाने निर्णय भएछ । सोही निर्णय अनुसार टोल-टोलमा गएर गाउँलेका तथा वनमा गएर वन व्यवस्थापनका विभिन्न समस्या एवम् सवालहरू पहिचान भए । यस प्रकारले आएका समस्याहरूलाई केलाउँदै प्राथमिकताका हिसाबले छुट्याउने र सो समाधानका उपायहरूको पनि खोजी गरेर योजनामा ढाल्ने काम हुन थाले गाउँमा । टोल-टोलमा छलफल गर्ने क्रममा गाउँका बासिन्दाहरूलाई पनि सम्पति स्तरीकरणका दृष्टिले विभिन्न वर्गमा छुट्याउने कामहरू भए । जस्तैः बाह्रै महिना खान पुग्ने, नौ महिना खान पुग्ने, छ महिना खान पुग्ने र तीन महिना भन्दा कम मात्रै खान पुग्ने । जसअनुसार १६ घरधुरी अति विपन्न भनेर टोल-टोलबाट नै पहिचान गरिए । यहाँका प्रायजसो मानिसहरू अनपढ नै रहेछन् । छलफलमा “काम गर्दै सिक्दै जाने” सिद्धान्त अनुरुप अगाडि

बढ्ने निर्णय पनि भएछ । जस अनुसार गाउँमा उक्त योजना अनुसारका कामहरू अगाडि बढाउन शान्ति, अमृत, पदम, मान बहादुर र आङडोमा सम्मिलित एउटा छुट्टै समिति पनि बनेछ ।

ती परदेशीहरू गैर सरकारी संस्थाबाट गएका सहजकर्ताहरू थिए । यसरी काम गर्ने क्रममा बैशाखे र उसका नौजना साथीहरू भ्रमणको सिलसिलामा तिनै सहजकर्ताको साथ लागेर पहाड हुँदै तराई झरे । तराईको वस्तीमा पुगेपछि उनीहरू सुन्दरी नामकी केटीको घरमा रिमे रिमे साँझमा बास माग्न पुगे । डेढ दिन लामो बसयात्राले गर्दा होला सबै साथीहरु निद्रामा परे तर बैशाखेलाई गर्मीले गर्दा हो कि बढी नै थाकेर हो उसलाई निद्रा लागेन । उ सुतेको ठाँउबाट हेर्दै थियो सुन्दरीको काठले सजिएको घर घरमाथिको करेसाबारीको जडीबुटीको बोर्ड तर्फ उसका आँखाहरू सोझिए । घर वरपरका चाक्ला चाक्ला मोटर गुड्ने बाटाहरू र जताततै विजुलीको उज्यालोले त उसलाई झनै् लोभ्यायो । हाम्रो गाँउमा पनि यस्तो कसरी सम्भव होला भन्ने मनमा अनेकौ तर्क वितर्क गर्दा गर्दै रात छिप्पिदै गयो र उ पनि निद्रा देवीको शरणमा पऱ्यो ।

बिहान सबेरै बैशाखे र उसका साथीहरूलाई सुन्दरी र उसका साथीहरूले वन उपभोक्ता समूहको भवनमा राखेर उक्त समूहले गरेका वन र समूह व्यवस्थापनसँग सम्बन्धित कुराहरू सुनाए । उपभोक्ताहरूका साना-साना समूह बनाई वनको काँटछाँट गर्ने गरेको, समूहको सहयोगमा विपन्नहरूले बाख्रापालन गरेको वनबाट उत्पादित हर्रो, बर्रो र अमलाबाट त्रिफला बनाउनुका साथै सालको पातबाट टपरी उद्योग सञ्चालन गरेको जस्ता कुराले "गरे के संभव छैन" भन्ने लाग्यो बैशाखेलाई । "अब हामीले पनि यसबाट पाठ सिक्नुपर्छ र हामीले पनि समूहमा केही गरेर देखाउनु पर्छ" भन्ने बात उसले आफैसगँ गऱ्यो । १५० घरधुरीलाई निःशुल्क सदस्य बनाएको र त्यसमा पनि अति गरिब २५ घर छानेर झण्डै लाख रुपैया बराबरको खर्चमा तिनीहरूको लागि निःशुल्क रुपमा साना चिटिक्क परेका घर बनाई दिएको कुरा उसले सुन्यो । तिनै गरिब उपभोक्ताहरूको मुखबाट "हामीलाई सुन्दरीले ठूलो गुण लगाएको छ । वर्षे झरीले र हिँउदे हुरीले सधैं दुःख दिएको थियो, अब सो समस्या नदोहोरिने भयो" भन्दै खुशी व्यक्त गरेको पनि सुन्यो बैशाखेले । यस्तै प्रसङ्गमा तिनै मध्येका सुमित्रा वि.क. र चाइना मगरले भने "यस्तो घरमा बस्न पाइएला भन्ने मनमै थिएन किनकी बनाउँ भने आफ्नो हुती थिएन" । सामुदायिक वनबाट गरिबहरूको जीविकोपार्जनमा प्रत्यक्ष टेवा मिलेको आफ्नै आँखाले देखे पछि बैशाखे र साथीहरूको घैंटामा घाम लागे झै भयो । बैशाखेले उनीहरूसँग मन खोल्यो "हामीले पनि समयमा सुन्न, बुझ्न र देख्न पाएको भए केही गरिसकेका हुने थियौं । तर ढिलै भएपनि अब हामी कुनै कसर बाँकी नराखी सबैको सहभागिताबाट निर्णय गरी सो बमोजिम काम गर्दै हाम्रो वन उपभोक्ता समूहमा पनि उपभोक्ताहरूको जीविकोपार्जनका लागि काम गर्ने अठोट गरेका छौं ।"

बैशाखे र उसका साथीहरू गाँउ फर्केर सुन्दरीको गाँउको पाठ र आफ्नै समूहले देखाएको बाटोमा बिचलित नभैकन काम गर्दै गए । आज डुक दोर्जे र चिल्ले शेर्पाका बच्चा-बच्चीले राम्रो लगाउन पाएका छन् किनकी उनीहरूले पनि समूहबाट आलु र लसुनका बीउहरू पाँच पाथीका दरले निःशुल्क पाएका थिए जसबाट २५००-३००० रुपैयाँसम्म कमाउन सके उनीहरूले । त्यस्तै आज उनीहरूले बाख्रापालनको कार्यक्रम पनि चलाएका छन् । अर्कातर्फ साइला कामी जस्ताका छोराछोरी पनि स्कूल जान लालयित भएका छन् किनभने समूहले अति न्यून घरका बच्चाबच्चीलाई ड्रेस तथा कापी कलमको व्यवस्था गरिदिएको छ । यिनै सम्पत्ति स्तरीकरणबाट छानिएका १६ जना गरिबलाई सामुदायिक वनको १६ रोपनी जग्गा छुट्याएर अर्गेली, ढ्याङ्ग्रे र चिराइतो रोप्न लगाई त्यसबाट आएको आम्दानी उनीहरूको नै हुने गरी काम सुरु भैसकेको छ । त्यसैको आडले पनि होला पासाङ लगायतका केहीले खान पुऱ्याउँला भन्ने आँट आएको बताउँछन् भने किदोर्जेले घर बनाएर आफ्नै

घरमा बस्ने सपना पूरा हुन लागेको बताउँछन् । सोही सिद्धान्त अनुरुप काम गर्दै जाँदा बैशाखे र उसका साथीहरूमा पनि परिवर्तनका लक्षणहरू देखिन थालेका छन् । उनीहरू सफा सुग्घर हुन थालेका छन । दुइचारवटा कुरा बोल्न जान्ने भएका छन् । बाहिरबाट आएका मान्छेहरूसित नडराइकन आफ्ना कुरा राख्न सक्ने भएका छन् । यसैले होला उसका छिमेकीहरू बैशाखेको मानवीय समृद्धि एवम् भौतिक सम्वृद्धि भएको देखेर दंग परेकाछन् । यसरी विभिन्न तवरबाट 'पाएको ज्ञानलाई व्यवहारमा उतारे के हुँदैन' भन्ने भनाइ साकार हुँदैछ ।

यस समूहले समय समयको अनुगमनबाट आएका कुराहरूको छलफल र सो सिकाइलाई व्यवहारमा लागू गर्दै आउँदा २ वर्षको छोटो अवधिमा नै धेरै उदारहणीय कार्यहरू गरेकोले सोको तारिफ सबै तर्फबाट हुँदै आएको छ । आज छरछिमेकमा कुरा गर्दा वन समूहहरूले उही बैशाखेको नाम लिन्छन् । त्यस्तै क्षेत्र तथा रेन्जपोष्ट स्तरीय भेलामा समेत नेतृत्व दिन तिनै बैशाखे, तेञ्जिङ, शान्ति, सोमे र पदमको नाम अगाडि सारिएको पाइन्छ । उनीहरूमा नजानिदो ढङ्गमा मानवीय विकास बढ्दै आएको देखिएको छ र क्रमशः आज उसको तारिफ जिल्लासम्म आइपुगेको छ । जुन कुरा जिल्ला वन कार्यालय दोलखाले पनि वन तथा समूह व्यवस्थापन राम्रो तवरबाट गरेको कामको कदर गर्दै जिल्लास्तरमा "प्रथम पुरस्कार" प्रदान गरेकोबाट प्रष्ट हुन्छ । हालसालै यस समूहका सदस्य दोलखा जिल्ला वन उपभोक्ता महासङ्घको सदस्य बन्न सफल भइसकेका छन् भने अर्कातिर उक्त समूहले उठाउदै गरेका आवाजहरू जिल्लास्तरका विभिन्न सरोकारवाला सङ्घ-संस्थाले पनि सुन्न थालेका छन् । आज बूढापाकाले भन्ने गरेको उक्ति "सुनेको बिर्सन्छ, गरेको संभिन्छ, अभ्यास गरे सिपालु होइन्छ" चरितार्थ यही सामुदायिक वनले गरेको छ जसको नाम हो वैशाखेश्वरी सामुदायिक वन । यसरी यो समूह छोटो समयमा नै यस अवस्थामा आइपुग्न सफल हुनुमा सिकेका कुराहरूको सिको गरेकाले नै हो भन्नमा अत्युक्ति नहोला । त्यसकारण यस समूहको सिकाइबाट अन्य समूहले पनि सिको गर्न सकेमा सामुदायिक वनको व्यवस्थापन गर्दै उपभोक्ताहरूको जीविकोपार्जनमा सुधार गर्न पक्कै सफल होइन्छ भन्नेमा द्विविधा नहोला ।

**(लेखक फरेष्टएक्सनसगँ आवद्ध हुनुहुन्छ ।)**